# इनरुवा नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनको तेस्रो बैठकका निर्णयहरु

## मिति २०८३।०३।२४ गते

**निर्णय नं. १ (एक)**

इनरुवा नगरपालिकाको आर्थक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

इनरुवा नगरपालिकाको विनियोजन विधेयक, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तिन)**

इनरुवा नगरपालिकाको उप प्रमुख एवं न्यायीक समितिका संयोजक विनिता कुमारी मेहताले पेश गर्नु भएको न्यायीक समितिको चालु आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल तथा समिक्षा गरियो । न्यायीक समितिको वार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ (चार)**

अर्को नगर सभा नभएसम्मका लागि नगर सभाको हैसियतबाट कुनै नीतिगत निर्णय वा सहमति गर्नुपर्ने अवस्था भएमा त्यस्ता कार्य गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र साथै यसरी गरिएका काम कारवाही सम्बन्धी निर्णयहरु अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

नेपाल सरकार र प्रदेश सरकारले पदाधिकारीहरु तथा कर्मचारीहरुलाई प्रदान गर्ने तलब, भत्ता पुनरावलोकन गरेमा सोहि बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ)**

प्रमुखले दलित तथा विपन्न परिवारको अवस्था हेरी बढीमा रकम रु.१०,०००।०० (दश हजार) आर्थिक सहायता उपलब्ध गराउन सक्ने निर्णय गरियो ।

**निर्णय नं. ७ (सात)**

इनरुवा नगरपालिकाको आ.व. २०८१/०८२ को जिन्सि निरिक्षण प्रतिवेदन छलफल गरी प्रतिवेदनले गरेका सिफारिस बमोजिम सुधार गर्दै जाने निर्णय गरियो ।

**<u>निर्णय नं. ८ (आठ)</u>**

इनरुवा नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको आ.व. २०८३/०८४ को वार्षिक तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ९ (नौ)</u>**

इनरुवा नगरपालिकाको १० वटै वडा कार्यालय, नगर कार्यपालिकाको कार्यालयले आ.व. ०८२/०८३ मा गरेका सम्पूर्ण आय/व्यय र सो सम्बन्धी निर्णयहरु, योजनाहरु, कार्यक्रमहरु, विभिन्न खर्च शिर्षकमा गरेको रकमान्तर, थप योजनाहरु संचालन र सो सम्बन्धमा भए गरेका निर्णयहरु, विभिन्न योजनाहरुको संशोधित लागत अनुमान, नगरवासी एवं आम नागरिकको हितलाई ध्यानमा राखी गरिएका कार्यहरु, निर्णयहरु एवं सम्पूर्ण खर्चहरु सहितको नगरपालिकाले गरेका प्रशासनिक निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १० (दश)</u>**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम सामाजिक सुरक्षा योजनामा सहभागी हुन इच्छुक कर्मचारीहरुलाई सो योजनामा समावेश गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ११ (एघार)</u>**

मेलमिलाप कर्ताहरूलाई पारिश्रमिक वापत मेलमिलाप भएका मुद्दामा प्रति मुद्दा रु. ६००।०० उपलब्ध गराउने निर्णय गरियो।

**<u>निर्णय नं. १२ (बाह्र)</u>**

गरिब संग विशेश्वर कार्यक्रम कार्यरत कर्मचारीहरु न्यूनतम तलबमा खटिरहेकाले कार्यबोझको आधारमा मासिक रकम रु.१००००।०० (दश हजार) थप गरी मासिक रकम रु.२५,०००।०० को दरले पारिश्रमिक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने, जनता मा.वि. मधेशामा संचालनमा रहेको विशेष शिक्षामा कार्यरत आयालाई उपलब्ध गराउदै आएको थप मासिक रकम रु.३०००।०० (तिन हजार) लाई निरन्तरता दिने, वारुण यन्त्र तर्फ कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको रासन बापतको रकम रु.७०००।०० लाई निरन्तरता दिने र इनरुवा नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई रासन बापत प्रति महिना रकम रु.५०००।०० (पाँच हजार) को दरले उपलब्ध गराउने निर्णय गरियो। साथै २४ घण्टा कामकाजमा खटाइएका ड्राइभर तथा अन्य कर्मचारीहरुलाई रासन बापतको रकम रु.७०००।०० दरले उपलब्ध गराउने निर्णय गरियो।

**<u>निर्णय नं. १३ (तेह्र)</u>**

यस नगरपालिकाबाट वडास्तरीय तथा नगर स्तरीय योजना तथा कार्यक्रमहरुमा ३% कन्टेन्जेन्सी वापतको रकम लागत अनुमानमा राखी उक्त रकम अनिवार्य कट्टा गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४ (चौध)**

मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen Z आन्दोलनको क्रममा आगजनी तोडफोड भई क्षति भएको इनरुवा नगरपालिकाको प्रशासनिक भवन मर्मत, स्तरोन्नती तथा पुनर्निर्माण गर्ने कार्यका लागि नगर विकास कोषसंग ऋण तथा अनुदान लिने निर्णय गरियो । साथै कोष संग सम्झौता गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भाष्कर दाहालज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १५ (पन्ध्र)**

नगरक्षेत्रमा रहेका सरकारी तथा सार्वजनिक पर्ती जग्गा, पोखरी आदिलाई संरक्षण गरी राख्ने निर्णय गरियो।

**निर्णय नं.१६ (सोह्र)**

यस नगर क्षेत्र भित्रका अधिकांश सडकहरु व्यक्तिको नाममा भएकोले व्यक्तिको नाममा रहेका सडकहरुको यथाशिघ्र लगत कट्टा गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ (सत्र)**

कार्य सम्पादन तथा मूल्यांकनको आधारमा प्रोत्साहन स्वरुप कर्मचारीहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ (अठार)**

दमकलका कर्मचारीहरु, नगर प्रहरीहरु, इलेक्ट्रिसियनहरु, इलेक्ट्रिसियन हेल्फरहरुको एक्सिडेन्टल विमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ (उन्नाइस)**

नगरपालिकाको सूचना, विज्ञापन तथा अन्य सन्देश मुलक सामाग्रीहरू प्रकाशन तथा प्रसारण गर्दा इनरुवा नगरपालिकामा व्यवसाय दर्ता तथा नवीकरण भएका संचार माध्यमहरू (पत्रपत्रिका, एफ.एम. रेडियो, online news portal र television) र इनरुवामा भएका संघसंस्थाहरूलाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. २० (बीस)**

आ.व. २०८३/०८४ मा ठेक्का प्रक्रियाबाट संचालन हुने आयोजनाहरुको ठेक्का प्रक्रिया भाद्र महिना भित्र सम्पन्न गर्ने, ठेक्का सम्झौता गर्दा तपसिलका बुँदाहरु समावेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. सम्झौता भएको २ महिना भित्र कामकाज सुरु नगरेमा उक्त ठेक्का रद्द गरी नियमानुसार धरौटी, बैंक ग्यारेन्टी जफत गर्ने ।

ख. कार्य सम्पन्न गर्ने मिति २०८३ चैत्र मसान्त राख्ने । उक्त अवधिमा कार्य सम्पन्न नगरेमा उक्त ठेक्का रद्द गरी नियमानुसार धरौटी, बैंक ग्यारेन्टी जफत गर्ने ।

ग. यसरी रद्द भएका ठेक्काहरुलाई पुन बोलपत्र गरी कार्य गर्ने ।

**निर्णय नं. २१ (एक्काइस)**

नगर क्षेत्र भित्र अतिक्रमण भएको सार्वजनिक जग्गा तथा सरकारी जग्गा पहिचान गरि कानून बमोजिम कार्यवाहि गर्ने र साथै सडक मापदण्ड विपरित बनेका घर टहराहरु कानूनी प्रक्रिया पुरा गरी भत्काउने निर्णय गरियो ।

**निर्णय नं. २२ (बाइस)**

वडा समितिको निर्णय बमोजिम वडाको अति आवश्यक भौतिक पूर्वाधारको काम वडा सचिवले रु.२५,०००।०० सम्मको कार्य (एक आर्थिक वर्षमा बढीमा २ पटक मात्र) सोझै गराउने पाउने निर्णय गरियो ।

**निर्णय नं. २३ (तेइस)**

नगरपालिकाले प्रवाह गर्ने अत्यावश्यक सेवाहरु (सरसफाई, दमकल लगायत) संचालन गर्न र विभिन्न वडामा महिलाहरुलाई उद्यमी बनाउन सिलाई कटाईको सीप सिकाउनका लागि स्थानीय दररेट अनुसार दैनिक ज्यालादारीमा आवश्यक कर्मचारी/प्रशिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ (चौबीस)**

संघीय सरकार र प्रदेश सरकारले दिने सार्वजनिक बिदा बाहेकको अन्य स्थानीय बिदा दिनु पर्दा आवश्यकता र औचित्यको आधारमा नगरपालिकाको निर्णयबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ (पच्चीस)**

यस इनरुवा नगरपालिकामा प्राविधिक शिक्षालय स्थापना गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ (छब्बीस)**

इनरुवा नगरपालिको आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन नगर सभा बैवकमा पेश भई व्यापक छलफल गरियो । साथै आ.व. २०७४/०७५ देखि २०८०/०८१ सम्म मलेप प्रतिवेदनले औल्याएका शैदान्तिक तथा अनियमित भएका वेरुजुहरुको सन्दर्भमा प्राप्त सुझाव अनुसार अब उप्रान्त नदोहोरीने गरी कामकाज गर्ने र असुल गर्नु पर्ने बेरुजुहरुलाई सम्बन्धीत व्यक्ती, संस्था, फर्मलाई दाखिला गर्न लेखि पठाउने र अनुसूची ५ बमोजिमका बेरुजुहरु माथि नगर सभामा व्यापक छलफल गरी अब उप्रान्त नदोहोरीने गरी सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं लेखि पठाउने सर्वसम्मले निर्णय गरियो ।

**निर्णय नं. २७ (सत्ताइस)**

इनरुवा नगरपालिकामा यस अघि गठीत इनरुवा प्राज्ञ प्रतिष्ठानलाई पुनर्गठन गरी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २८ (अठ्ठाइस)**

इनरुवा नगरक्षेत्र भई बहने सुनसरी नदि, कुरुवा खोला लगायतका अन्य खोलानालाबाट हुने बाढीको जोखिमलाई न्यूनीकरण गर्न खोलामा रहेको माटो/बालुवा कानूनी प्रक्रिया पुर्याई उत्खनन गरी खोलाको बाँध निर्माण लगाएतको अन्य नगरको विकास निर्माणको कार्यमा प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ (उनान्तिस)**

इनरुवा नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुलाई सार्वजनिक विदा/पर्व आदिको समयमा समेत कामकाजमा खटाउनु पर्ने भएकोले निजहरुलाई उक्त समयमा कामकाज गरे बापत आर्थिक वर्षको अन्यत्मा १ (एक) महिनाको बराबरको थप पारिश्रमिक र खाजा खर्च बापत रकम रु.६५००।०० एकमुस्ट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३० (तीस)**

इनरुवा नगरपालिकाको नगर शिक्षा योजना (२०८३-२०९२) दश वर्षे स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ (एकतिस)**

इनरुवा नगरपालिका वडा नं. १ मुख्य बजार स्थित नगरपालिकाको स्वामित्वमा रहेको जिर्ण अवस्थाको A भवन (सुपर मार्केट) नभत्कायको अवस्थामा उक्त भवनबाट मानवीय तथा वातावरणीय जोखिम बढ्नुका (मुख्य बजारमा खुल्ला क्षेत्र नरहेकोले प्राकृतिक विपतिमा जोखिम बढ्ने) साथै इनरुवाको ऐतिहासिक शिव मन्दिर उक्त भवन संगै जोडिएर रहेको छ । उक्त भवनको कारणले शिव मन्दिरको सौन्दर्यता समेत ओझेलमा परेको छ । शिव मन्दिर रहेको परिषरमा खुल्ला स्थानको कमि भई भक्तजनहरुको भिड हुनका साथै सवारी पार्किङ्गको समेत अभाव रहेको छ । जिर्ण अवस्थामा रहेको भवनबाट न्यून मात्रमा मासिक भाडा संकलन हुने गरेको छ । उक्त भवनलाई कानूनी प्रक्रियाबाट भत्काई उक्त स्थानलाई मन्दिरको प्रांगण, खुल्ला क्षेत्र तथा पार्क व्यवस्थापन गरी आन्तरीक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ (बत्तीस)**

इनरुवा नगरपालिकालाई संघ, प्रदेश वा दातृ निकायबाट तोकिएर आएको योजना वा कार्यक्रम संचालन गर्दा नगर कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ (तेत्तीस)**

इनरुवा नगरपालिकाको शिक्षा (दोस्रो संशोधन) ऐन, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।